नेपालको पहिलो बैंक
नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था

# नेपाल बैंक लिमिटेड
# NEPAL BANK LIMITED

स्थापित वि.सं. १९९४

**प्रधान कार्यालय,**
**मानवश्रोत व्यवस्थापन विभाग**

## करार सेवामा भर्ना गर्ने सम्बन्धी सूचना

मिति: २०७५/०५/२७

यस बैंकमा रिक्त रहेका तह– ५, बरिष्ठ सहायक (Electrical Overseer) पदहमा खुला प्रतियोगिताद्वारा करार सेवामा भर्ना गर्नुपर्ने भएकोले योग्य नेपाली नागरिकहरुबाट मिति २०७५/०५/२७ देखि दरखास्त आव्हान गरिएको छ । दरखास्त फारमका साथ नागरिकता र दरखास्त दिने पदको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यताको ट्रान्सकृप्ट, चारित्रिक प्रमाणपत्र तथा नेपाल बाहेक अन्य मुलुकबाट हासिल गरेको शैक्षिक योग्यता भएमा सोको साथमा त्रिभुवन विश्वविद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्र, हालसालै खिचेको पासपोर्ट साइजको ३ प्रति फोटो र तोकिएको शुल्क तिरी मिति २०७५/०६/१६ गते सम्म दरखास्त पेश गर्नुपर्नेछ । म्याद भित्र दाखिला नभएको र रीत नपुगी आएका दरखास्त उपर कुनै किसिमको कारबाही हुनेछैन । झुट्टा विवरण उल्लेख गरी दरखास्त फाराम पेश गरेमा सोको जवाफदेही उम्मेदवार स्वयं हुनुपर्नेछ ।

| विज्ञापन नं. | तह/पद | रिक्त संख्या | न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|
| २०७५/७६/१ | तह– ५, बरिष्ठ सहायक (Electrical Overseer) | २ | मान्यताप्राप्त संस्थाबाट इलेक्ट्रीकल इन्जिनियरींङ्गमा न्यूनतम प्रमाणपत्र तह (३ वर्षको Course) दोश्रो श्रेणीमा उत्तिर्ण । |

(१) सेवाको किसिम : करार (२ बर्ष)

(२) तलव तथा अन्य सुविधा : करार सम्झौतामा उल्लेख गरिनेछ ।

(३) उम्मेदवारको उमेर : दरखास्त दिने अन्तिम मिति (अर्थात २०७५/०६/१६ गते) सम्ममा १८ बर्ष पुरा भई ३५ बर्ष ननाघेको । महिला उम्मेदवारको हकमा उमेरको माथिल्लो हद ४० बर्ष ननाघेको ।

(४) उम्मेदवारको छनौट विधि : लिखित परीक्षा तथा अन्तरवार्ता ।

(५) परीक्षा कार्यक्रम/परीक्षा केन्द्र : पछि प्रकाशित गरिनेछ ।

(६) परीक्षा शुल्क : रु. ६००/- (छ सय) ।
(रीत नपुगी अस्वीकृत भएका आवेदनहरुको शुल्क फिर्ता हुनेछैन ।)

(७) परीक्षा शुल्क बुझाउने विधि : तोकिए बमोजिमको परीक्षा शुल्क नेपाल बैंक लिमिटेडको परीक्षा हिसाव नं. ००२००१००५२२५५९००००००१ मा जम्मा गर्नुपर्नेछ र सो को सक्कल भौचर दरखास्तका साथ पेश गर्नुपर्नेछ ।

(८) दरखास्त बुझाउने स्थान : नेपाल बैंक लिमिटेड, प्रधान कार्यालय, मानवश्रोत व्यवस्थापन विभाग ।

(९) दरखास्त फारम तथा लिखित परीक्षाको पाठ्यक्रम यस बैंकको Website: http://www.nbl.com.np/post/about-us/careers मा हेर्न र Download गर्न सकिनेछ ।

(१०) छनौट भई करार सेवामा नियुक्त हुने कर्मचारीहरुलाई प्रधान कार्यालय तथा आवश्यकता अनुसार अन्य शाखाहरुमा समेत खटाउन सकिनेछ ।